# छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९

नेपाल राजपत्रमा प्रकाशित मिति
२०४९।०५।०८

संशोधन

| | | |
|---|---|---|
| १. | छापाखाना र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६९ | २०६९।०९।२३ |
| २. | छापाखाना र प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ | २०८२।०७।१३ |


छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो नियमहरूको नाम "छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "ऐन" भन्नाले छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ सम्झनु पर्छ।

▿(ख) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

⇨(ग) "विभाग" भन्नाले सूचना तथा प्रसारण विभाग सम्झनु पर्छ।

⇨(घ) "संस्था" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको कम्पनी, फर्म वा संस्था सम्झनु पर्छ।

३. **छापाखाना दर्ता गराउनु पर्ने** : (१) ऐनको दफा ३ बमोजिम छापाखाना सञ्चालन गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा स्थानीय अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि स्थानीय अधिकारीले एक हजार रुपैयाँ दस्तुर लिई दरखास्तवालालाई छापाखाना सञ्चालन गर्न अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रमाणपत्र दिएपछि स्थानीय अधिकारीले छापाखाना सम्बन्धी विवरण अनुसूची-३ बमोजिमको दर्ता किताबमा जनाइ राख्नु पर्नेछ।

४. **पत्रपत्रिका दर्ता गराउनु पर्ने** : (१) ऐनको दफा ७ बमोजिम देहायका पत्रपत्रिका प्रकाशित गर्न चाहने व्यक्तिले देहाय बमोजिमको दस्तुर सहित अनुसूची-४ बमोजिमको ढाँचामा स्थानीय अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(क) दैनिक समाचारपत्रको लागि - रु. १०००।-

(ख) अर्ध साप्ताहिक समाचारपत्रको लागि - रु. ७००।-

---

▿ दोस्रो संशोधनद्वारा संशोधित।

⇨ दोस्रो संशोधनद्वारा थप।

(ग) साप्ताहिक समाचारपत्रको लागि - रु. ५००।-
(घ) पाक्षिक समाचारपत्रको लागि - रु. ३००।-
(ङ) मासिक र अन्य समाचारपत्रको लागि - रु. २००।-
(च) अन्य पत्रपत्रिकाको लागि - रु. २००।-

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि स्थानीय अधिकारीले दरखास्तवालालाई पत्रपत्रिका प्रकाशन गर्न अनुसूची-५ बमोजिमको ढाँचामा अस्थायी प्रमाणपत्र दिनेछ।

(३) ऐनको दफा ७ को उपदफा (४) बमोजिम प्रेस रजिष्ट्रारले पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी स्वीकृति दिएपछि स्थानीय अधिकारीले दरखास्तवालालाई अनुसूची-६ बमोजिमको ढाँचामा पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिनेछ।

(४) उपनियम (३) बमोजिम प्रमाणपत्र दिएपछि स्थानीय अधिकारीले पत्रपत्रिका सम्बन्धी विवरण अनुसूची-७ बमोजिमको दर्ता किताबमा जनाई राख्नु पर्नेछ।

(५) ऐनको दफा ७ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम दर्ता गर्न आवश्यक नपर्ने पत्रपत्रिका पनि दर्ता गरी पाउँ भनी कसैले उपनियम (१) बमोजिम दरखास्त दिएमा स्थानीय अधिकारीले त्यस्तो पत्रपत्रिका समेत दर्ता गरी दिनु पर्नेछ।

तर,

(क) यसरी दर्ता भएका पत्रपत्रिकालाई उपनियम (१) बमोजिमको दस्तुर लाग्ने छैन।

(ख) यसरी दर्ता हुने पत्रपत्रिकाका सम्पादकलाई नियम १५ बमोजिमको योग्यता सम्बन्धी व्यवस्था लागू हुने छैन।

५. **<u>पत्रपत्रिकाको स्वामित्व हस्तान्तरण भएमा</u>** : (१) ऐनको दफा ८ बमोजिम पत्रपत्रिकाको प्रकाशनको स्वामित्व हस्तान्तरणद्वारा प्राप्त गर्ने व्यक्तिले सोको जानकारी अनुसूची-८ बमोजिमको ढाँचामा स्थानीय अधिकारीलाई दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त भएपछि स्थानीय अधिकारीले त्यस्तो विवरण अनुसूची-७ बमोजिमको दर्ता किताबमा जनाई राख्नु पर्नेछ।

६. **<u>पत्रपत्रिकामा उल्लेख गर्नुपर्ने</u>** : (१) पत्रपत्रिकाको पहिलो पृष्ठको शिरमा स्थानीय अधिकारीबाट दिइएको दर्ता नम्बर, सो पत्रपत्रिकाको नाम, प्रकार, वर्ष, अङ्क, मिति र मूल्य तथा अरु पृष्ठको शिरमा पत्रपत्रिकाको नाम र मिति स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

(२) पत्रपत्रिकाको अन्तिम पृष्ठको पुछारमा वा सम्पादकीय कालमको शिरमा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

७. **<u>पत्रपत्रिकाको आकार र पृष्ठ सङ्ख्या</u>** : (१) देहायको पत्रपत्रिका देहायको न्यूनतम आकार र पृष्ठ सङ्ख्यामा प्रकाशित गर्नु पर्नेछ।

(क) दैनिक समाचारपत्रको लागि १२” × २१” को आधारमा ४ पृष्ठमा नघटाई,

(ख) अर्ध साप्ताहिक र साप्ताहिक समाचारपत्रको लागि १०” × १५” को आकारमा ६ पृष्ठमा नघटाई, र

(ग) पाक्षिक, मासिक, द्वैमासिक र त्रैमासिक समाचारपत्रको लागि ९” × १५” को आकारमा १२ पृष्ठमा नघटाई,

(२) प्रकाशकले ६ महिनामा देहायका पत्रपत्रिका देहायको अङ्कमा नघटाई प्रकाशित गर्नु पर्नेछ।

| | | |
|---|---|---|
| (क) | दैनिक समाचारपत्र | १५० अङ्क |
| (ख) | अर्ध साप्ताहिक समाचारपत्र | ४० अङ्क |
| (ग) | साप्ताहिक समाचारपत्र | २० अङ्क |
| (घ) | पाक्षिक समाचारपत्र | १० अङ्क |
| (ङ) | मासिक समाचारपत्र | ५ अङ्क |
| (च) | द्वैमासिक र त्रैमासिक समाचारपत्र | २ अङ्क |

८. **दस्तुर लिई विवरण दिन सकिने** : कसैले पत्रपत्रिकामा विज्ञापन दिनको लागि कुनै पत्रपत्रिकाको सम्बन्धमा विवरण माग गरेमा प्रेस रजिष्ट्रारले एक सय रुपैयाँ शुल्क लिई विवरण दिन सक्नेछ।

⇔८क. **अनलाइन सञ्चारमाध्यम दर्ता** : (१) यस नियमावली बमोजिम दर्ता नभई अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न पाइने छैन।

(२) ऐनको दफा ७ख. बमोजिम अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहने संस्थाले त्यस्तो सञ्चार माध्यम दर्ता गर्नको लागि पाँच हजार रुपैयाँ दस्तुर सहित अनुसूची-८क. बमोजिमको ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन दिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) अनलाइन पत्रिका, ई-म्यागजिन, न्युजपेपर, न्यूजपोर्टल सञ्चालन गर्ने उद्देश्य उल्लेख भएको प्रबन्धपत्र तथा नियमावली वा संस्थापनासँग सम्बन्धित कागजातको प्रतिलिपि,

(ग) संस्था सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) सम्पादकको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र वा पत्रकारिताको अनुभवको प्रमाणपत्र,

---

⇔ दोस्रो संशोधनद्वारा थप।



नेपाल कानून आयोग

(ङ) संस्थाको स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि,

(च) संस्थाको अद्यावधिक प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(छ) अनलाइनको डोमेन खुल्ने गरी सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि,

(ज) संस्थाको नाम, कार्यालय रहने ठेगाना, दर्ता मिति र डोमेनको समयावधिको विवरण तथा सञ्चालकको नाम,

(झ) संस्थाको कर्मचारी दरबन्दी विवरण तथा दरबन्दी अनुसार कर्मचारी तथा सम्पादकको तलब भुक्तानी बैङ्किङ प्रणाली मार्फत हुने प्रतिबद्धतापत्र।

(४) उपनियम (२) बमोजिमको निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो अनलाइन सञ्चारमाध्यम दर्ता गर्न उपयुक्त देखिएमा स्थानीय अधिकारीले त्यस्तो अनलाइन सञ्चारमाध्यम दर्ता गरी सम्बन्धित व्यक्तिलाई अनुसूची-८ख. बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अनलाइन सञ्चारमाध्यमको नाम र डोमेन यस अघि दर्ता भई कायम रहेको कुनै अनलाइन सञ्चारमाध्यमको नाम र डोमेनसँग मिल्ने भएमा वा मिल्दोजुल्दो हुने भएमा वा जातजाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुग्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल कार्य गर्न दुरुत्साहन हुने भएमा त्यस्तो अनलाइन सञ्चारमाध्यम दर्ता हुने छैन।

**स्पष्टीकरण :** यस उपनियमको प्रयोजनका लागि "मिल्दोजुल्दो" भन्नाले यस अघि दर्ता भई सञ्चालनमा आएको अनलाइन सञ्चारमाध्यमको नाम र डोमेनको केही शब्दमात्र फरक पारेको वा दर्ता भएको नाममा उपसर्ग वा प्रत्यय जोडी अर्को नाम बनाएको वा अर्को शब्द थप गरेको वा दर्ता भएको नामको हरफ र फन्ट साईज फरक पारी भ्रम सिर्जना हुने गरी राखेको शब्द सम्झनु पर्छ।

(६) उपनियम (५) बमोजिमको अवस्था भई अनलाइन सञ्चारमाध्यम दर्ता नहुने निर्णय भएमा त्यस्तो निर्णय भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सोको लिखित जानकारी दिनु पर्नेछ।

(७) संस्थाले यस नियमबमोजिम एउटा मात्र अनलाइन सञ्चारमाध्यम दर्ता गर्न सक्नेछ।

(८) प्रचलित कानूनबमोजिम दर्ता भई सञ्चालनमा रहेका पत्रपत्रिका, टेलिभिजन, रेडियो र एफ. एम. रेडियोले अनलाइन सञ्चारमाध्यम दर्ता गर्न चाहेमा आफ्नो नामको डोमेनबाट मात्र अनलाइन सञ्चारमाध्यम दर्ता गर्नु पर्नेछ।

(९) अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने संस्थाको सम्पादक सहित कम्तीमा तीनजना कर्मचारीको दरबन्दी हुनु पर्नेछ र एउटै व्यक्ति एकभन्दा बढी अनलाइन सञ्चारमाध्यमको सम्पादक हुन पाउने छैन।

(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि दर्ता भई सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यम यस नियमबमोजिम पुनः दर्ता हुनु पर्नेछैन।

⇔**८ख. प्रमाणपत्रको बहाल अवधि तथा नवीकरण** : (१) नियम ८क. बमोजिम जारी भएको अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्रको बहाल अवधि एक आर्थिक वर्षको हुनेछ।

(२) अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र नवीकरण गराउन चाहने संस्थाले प्रमाणपत्र बहाल रहने अवधि भुक्तान नहुँदै दुई हजार पाँच सय रुपैयाँ दस्तुरसहित देहायका कागजातसमेत संलग्न गरी स्थानीय अधिकारीसमक्ष निवेदन दिनु पर्नेछः-

(क) अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र,
(ख) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(ग) लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,
(घ) डोमेनको विवरण,
(ङ) अनलाइन सञ्चारमाध्यमको कर्मचारी दरबन्दी विवरण, र
(च) अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र नवीकरण गर्ने सञ्चालक समितिको निर्णयको प्रतिलिपि।

(३) उपनियम (२) बमोजिमको अवधि भुक्तान भएपछि प्रमाणपत्र नवीकरणको लागि निवेदन प्राप्त हुन आएमा पहिलो एक महिनासम्मको लागि दश प्रतिशत, दोस्रो एक महिनासम्मको लागि बिस प्रतिशत, तेस्रो एक महिनासम्मको लागि तीस प्रतिशत, चौथो एक महिनासम्मको लागि चालिस प्रतिशत, पाँचौं एक महिनासम्मको लागि पचास प्रतिशत, छैठौं एक महिनासम्मको लागि शत प्रतिशत र सातौं महिनादेखि एक आर्थिक वर्षसम्म दुई सय प्रतिशत थप दस्तुरसमेत लिई स्थानीय अधिकारीले त्यस्तो प्रमाणपत्र नवीकरण गरिदिन सक्नेछ।

---

⇔ दोस्रो संशोधनद्वारा थप।

(४) उपनियम (३) बमोजिमको अवधि भुक्तान भएपछि त्यस्तो प्रमाणपत्र स्वत: रद्द हुनेछ।

(५) यो नियम प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले संवत् २०८२ साल पुस मसान्तसम्म प्रमाणपत्र नवीकरणको लागि निवेदन दिएमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको नवीकरण दस्तुरमा पूर्ण रुपमा छुट दिई प्रमाणपत्रको नवीकरण गर्नेछ।

(६) विभागले यस नियम बमोजिम नवीकरण भएका अनलाइन सञ्चारमाध्यमको विवरण अनुसूची-८ग. बमोजिम राख्नु पर्नेछ।

⇔**८ग.** **<u>सञ्चालक र सम्पादक परिवर्तनको जानकारी गराउने</u> :** (१) संस्थाले अनलाइन सञ्चारमाध्यमको सञ्चालक परिवर्तन गर्न चाहेमा परिवर्तन गर्नुपर्नाको कारण सहित स्थानीय अधिकारीसमक्ष अनुसूची-८घ. बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी जानकारी गराउनु पर्नेछ :-

(क) बहालवाला सञ्चालकको राजीनामा वा अन्य कुनै कारणले सञ्चालकको पद रिक्त हुन आएमा सोको व्यहोरा,

(ख) सञ्चालक परिवर्तन गरेको सञ्चालक समितिको निर्णयको प्रतिलिपि,

(ग) नयाँ सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको हालसालै खिचिएको फोटो, र

(ङ) नयाँ सञ्चालकको नाम खुलेको डोमेन विवरण।

(२) अनलाइन सञ्चारमाध्यमले सम्पादक परिवर्तन गर्नु परेमा सो गर्नुपर्नाको कारण उल्लेख गरी सोको निर्णयसहित स्थानीय अधिकारीसमक्ष अनुसूची-८ङ. बमोजिमको ढाँचामा देहायको कागजात संलग्न गरी जानकारी गराउनु पर्नेछ :-

(क) सम्पादकको राजीनामा वा अन्य कुनै कारणले सम्पादकको पद रिक्त हुन आएमा सोको व्यहोरा,

(ख) नयाँ सम्पादक नियुक्ति गरेको निर्णयको प्रतिलिपि,

(ग) नयाँ सम्पादकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, र

(घ) नयाँ सम्पादकको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(३) उपनियम (१) र (२) बमोजिमको जानकारीको आधारमा विभागले त्यस्तो अनलाइन सञ्चारमाध्यमको सो सम्बन्धी अभिलेख अद्यावधिक गर्नेछ।

---

⇔ दोस्रो संशोधनद्वारा थप।

⇔८घ. **अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगाना परिवर्तन, बिक्री तथा हस्तान्तरण** : (१) अनलाइन सञ्चारमाध्यम सञ्चालकले प्रमाणपत्रमा उल्लिखित अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगाना परिवर्तन गर्न चाहेमा परिवर्तन गर्नुपर्नाको कारणसहित उपनियम (२) र (३) बमोजिमको सूचना तथा निर्णय संलग्न गरी स्थानीय अधिकारीसमक्ष अनुसूची-८च. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिनु अघि संस्थाले नाम वा ठेगाना परिवर्तन गर्ने व्यहोराको पन्ध्र दिने सूचना कम्तीमा तीनवटा राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सूचना प्रकाशित भएको मितिले पैंतालिस दिनभित्र उक्त अनलाइन सञ्चारमाध्यम विरुद्ध कुनै उजुरी परेमा सो संस्थाले त्यस्तो उजुरी फछ्र्यौट गरी निर्णय गर्नु पर्नेछ।

(४) अनलाइन सञ्चारमाध्यम बिक्री तथा हस्तान्तरण गर्नु परेमा अनलाइन सञ्चारमाध्यम सञ्चालकले स्थानीय अधिकारीसमक्ष अनुसूची-८च. बमोजिमको ढाँचामा देहायका कागजातसमेत संलग्न गरी निवेदन दिनुपर्नेछः-

(क) अनलाइन सञ्चारमाध्यम बिक्री तथा हस्तान्तरण गर्ने निर्णयको प्रतिलिपि,

(ख) खरिद वा हस्तान्तरण गरी लिने संस्थाको नियम ८क. को उपनियम (३) बमोजिमको कागजात।

(५) उपनियम (१) र (४) बमोजिम परेको निवेदन मनासिब देखेमा स्थानीय अधिकारीले त्यस्तो अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगाना परिवर्तन वा बिक्री तथा हस्तान्तरण गरेको विवरणको अभिलेख अद्यावधिक गरिदिनेछ।

⇔८ङ. **विवरण वेबसाइटमा राख्नुपर्ने** : अनलाइन सञ्चारमाध्यमले देहायका विवरण आफ्नो वेबसाइटको मुख्यपृष्ठ (होमपेज) मा राख्नु पर्नेछः-

(क) स्थानीय अधिकारीबाट प्राप्त प्रमाणपत्रको दर्ता नम्बर,

(ख) कार्यालय र सञ्चालकको नाम, ठेगाना, सम्पर्क नम्बर, इमेल, र

(ग) सम्पादक र श्रमजीवी पत्रकारको विवरण।

⇔८च. **सञ्चालकको दायित्व** : (१) अनलाइन सञ्चारमाध्यममा प्रकाशित सामग्री सुरक्षित राख्नु अनलाइन सञ्चारमाध्यम सञ्चालकको दायित्व हुनेछ।

(२) सम्बन्धित अनलाइन सञ्चारमाध्यमले प्रयोगकर्ताको डाटाको गोपनीयता सम्बन्धी नीति प्रकाशन गर्नु पर्नेछ।

---

⇔ दोस्रो संशोधनद्वारा थप।

⇔**८छ. <u>त्रुटि सच्याउने</u>** : अनलाइन सञ्चारमाध्यमले आफूले प्रकाशन वा प्रसारण गरेको सामग्रीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि तत्काल सच्याइए सोको व्यहोरा समेत प्रकाशन गर्नु पर्नेछ।

⇔**८ज. <u>अभिलेख</u>** : विभागले नियम ८क. को उपनियम (४) बमोजिम प्रमाणपत्र प्राप्त गरेका अनलाइन सञ्चारमाध्यमको अभिलेख राख्नु पर्नेछ।

⇔**८झ. <u>अनुगमन तथा निरीक्षण</u>** : (१) अनलाइन सञ्चारमाध्यमले प्रचलित कानून र यस नियमावलीको पालना गरे नगरेको सम्बन्धमा स्थानीय अधिकारी र प्रेस काउन्सिलले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) स्थानीय अधिकारी वा प्रेस काउन्सिलले उपनियम (१) बमोजिमको अनुगमन तथा निरीक्षण गर्दा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित अनलाइन सञ्चारमाध्यमका सञ्चालक, सम्पादक र प्रकाशकको कर्तव्य हुनेछ ।

**<u>स्पष्टीकरणः</u>** यस नियम र नियम १७ को प्रयोजनको लागि "प्रेस काउन्सिल" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ को दफा ३ बमोजिम स्थापना भएको प्रेस काउन्सिल सम्झनु पर्छ।

⇔**८ञ. <u>जानकारी दिनुपर्ने</u>** : अनलाइन सञ्चारमाध्यम कुनै कारणले बन्द भएमा वा सञ्चालन हुन नसकेमा त्यस्तो अनलाइन सञ्चारमाध्यमको सञ्चालकले सोको जानकारी स्थानीय अधिकारीलाई तुरुन्त गराउनु पर्नेछ।

⇔**८ट. <u>प्रमाणपत्र रद्द सम्बन्धी व्यवस्था</u>** : (१) कुनै संस्थाले आफूले प्राप्त गरेको अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र रद्द गर्न चाहेमा रद्द गर्नु पर्नाको कारण उल्लेख गरी स्थानीय अधिकारीसमक्ष अनुसूची-८छ. बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी निवेदन दिनु पर्नेछः-

(क) अनलाइन सञ्चारमाध्यम दर्ता खारेज गर्ने र सोको लागि तीन वटा राष्ट्रियस्तरको दैनिक पत्रिकामा पन्ध्र दिने सार्वजनिक सूचना प्रकाशन गर्ने सञ्चालक समितिको निर्णयको प्रतिलिपि,

(ख) खण्ड (क) मा उल्लिखित निर्णयबमोजिम प्रकाशित सूचनाको सक्कल प्रति,

(ग) खण्ड (क) बमोजिमको सूचना प्रकाशित भएको मितिले पैंतालिस दिनसम्म अनलाइन सञ्चार माध्यम विरूद्ध कुनै उजुरी परे वा नपरेको विवरण र उजुरी परेको भए सो फछर्यौट गरेको निर्णयको प्रतिलिपि,

(घ) पछिल्लो आर्थिक वर्षको संस्था अद्यावधिक भएको विवरण,

(ङ) संस्थाको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

---

⇔ दोस्रो संशोधनद्वारा थप।

(च) संस्थाको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि, र

(छ) अनलाइन सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिमको निवेदन र संलग्न कागजात अध्ययन गर्दा मनासिब देखिएमा स्थानीय अधिकारीले त्यस्तो अनलाइन सञ्चारमाध्यमको दर्ता प्रमाणपत्र रद्द गरी दिनेछ।

⇔८ठ. **डोमेन हस्तान्तरण सम्बन्धी व्यवस्था** : कुनै संस्थाले सञ्चालन गरिरहेको अनलाइन डोमेन अन्य संस्थालाई बिक्री तथा हस्तान्तरण गर्नुपूर्व र बिक्री तथा हस्तान्तरण भइसकेपछि स्थानीय अधिकारीलाई सोको जानकारी दिनु पर्नेछ।

⇔८ड. **दर्ता प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी व्यवस्था** : दर्ता प्रमाणपत्र हराएको, दैवी प्रकोप परी मासिएको वा पुरानो भई च्यातिएको कारण देखाई कसैले प्रतिलिपि माग गरेमा स्थानीय अधिकारीले पाँच सय रुपैयाँ दस्तुर लिई त्यस्तो प्रमाणपत्रको प्रतिलिपि दिनेछ।

९. **प्रेस प्रतिनिधिको प्रमाणपत्र** : (१) कुनै नेपाली वा विदेशी प्रेस वा सञ्चार सम्बन्धी संस्थाले ⇔वा अनलाइन सञ्चारमाध्यमले नेपाल ✖....... भित्र काम गर्ने आफ्नो प्रतिनिधिहरूको विवरण अनुसूची-९ बमोजिमको ढाँचामा महानिर्देशक समक्ष पठाउनु पर्नेछ।

(२) प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिस साथ नियम १५ मा उल्लेखित योग्यताको प्रमाणपत्र समेत संलग्न राखी अनुसूची-१० बमोजिमको ढाँचामा महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

तर प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र लिन चाहने विदेशी नागरिकले योग्यताको प्रमाणपत्र पेश गर्न आवश्यक पर्ने छैन।

(३) उपनियम (२) बमोजिमको दरखास्त प्राप्त भएपछि महानिर्देशकले उक्त दरखास्त उपर आवश्यक जाँचबुझ गरी आफ्नो राय सहित सो दरखास्त नेपाल सरकार, सञ्चार मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएको दरखास्त उपर नेपाल सरकार, सञ्चार मन्त्रालयले दरखास्तवालालाई माग बमोजिमको प्रमाणपत्र दिने स्वीकृति दिन सक्नेछ।

(५) उपनियम (४) बमोजिम दरखास्तवालालाई प्रमाणपत्र दिने गरी नेपाल सरकार, सञ्चार मन्त्रालयबाट स्वीकृति भएमा महानिर्देशकले नियम १२ बमोजिमको दस्तुर लिई

⇔ दोस्रो संशोधनद्वारा थप।

✖ पहिलो संशोधनद्वारा झिकिएको ।

दरखास्तवालालाई अनुसूची-११ बमोजिमको ढाँचामा प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र दिनेछ।

१०. **<u>स्वतन्त्र पत्रकार सम्बन्धी व्यवस्था</u>** : (१) स्वतन्त्र पत्रकारको प्रमाणपत्र लिन चाहने व्यक्तिले नियम १५ बमोजिमको योग्यताको प्रमाणपत्र समेत संलग्न राखी अनुसूची-१२ बमोजिमको ढाँचामा महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि महानिर्देशकले आफ्नो राय सहित उक्त दरखास्त नेपाल सरकार, सञ्चार मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको दरखास्त उपर नेपाल सरकार, सञ्चार मन्त्रालयले दरखास्तवालालाई स्वतन्त्र पत्रकारको प्रमाणपत्र दिने गरी स्वीकृति दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम दरखास्तवालालाई प्रमाणपत्र दिने गरी नेपाल सरकार, सञ्चार मन्त्रालयबाट स्वीकृति भएमा महानिर्देशकले नियम १२ बमोजिमको दस्तुर लिई दरखास्तवालालाई अनुसूची-१३ बमोजिमको ढाँचामा स्वतन्त्र पत्रकारको प्रमाणपत्र दिनेछ ।

११. **<u>प्रमाणपत्रको अवधि र नवीकरण</u>** : (१) नियम ९ वा १० बमोजिम दिइएको प्रमाणपत्रको अवधि तीन आर्थिक वर्षसम्म बहाल रहनेछ।

तर अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र जति समयको लागि दिइएको छ सोही अवधिसम्म मात्र बहाल रहनेछ।

(२) उपनियम (१) बमोजिम प्रमाणपत्र बहाल रहने अवधि समाप्त भएको मितिले ३५ दिनभित्र प्रमाणपत्र नवीकरण गराउन पचास रुपैयाँ दस्तुर सहित अनुसूची-१४ बमोजिमको ढाँचामा महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको म्याद नाघेपछि कुनै व्यक्तिले प्रमाणपत्र नवीकरणको लागि दरखास्त दिन आएमा महानिर्देशकले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछः-

(क) उपनियम (२) बमोजिमको म्याद नाघेको तीन महिनासम्मको लागि - रु. ५०।-

(ख) खण्ड (क) को म्याद नाघेपछिको असार मसान्तसम्मको लागि - रु. १५०।-

(४) उपनियम (३) बमोजिम म्यादभित्र पनि प्रमाणपत्र नवीकरण नगराएमा त्यस्तो प्रमाणपत्र स्वतः खारेज हुनेछ।

(५) यस नियम बमोजिम विदेशी नागरिकले लिएको प्रमाणपत्र दुई पटक भन्दा बढी नवीकरण गरिने छैन।

नेपाल कानून आयोग

१२. **<u>प्रमाणपत्रको दस्तुर</u>** : नियम ९ वा १० बमोजिम प्रमाणपत्र लिनको लागि देहाय बमोजिम दस्तुर लाग्नेछ :-

(क) प्रेस प्रतिनिधि -

(१) नेपाली नागरिकको लागि - रु. ३००।-

(२) विदेशी नागरिकको लागि - रु. १५००।-

(ख) अस्थायी प्रेस प्रतिनिधिको लागि - रु. ९००।-

(ग) स्वतन्त्र पत्रकारको लागि - रु. ६००।-

१३. **<u>समाचार सङ्कलन गर्ने कार्यक्षेत्र</u>** : (१) प्रेस प्रतिनिधि वा स्वतन्त्र पत्रकारको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले नेपाल ✱......... भित्र समाचार सङ्कलन गर्न सक्नेछ।

(२) प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र प्राप्त विदेशी नागरिकले प्रमाणपत्रमा तोकिएको क्षेत्रमा मात्र समाचार सङ्कलन गर्न सक्नेछ।

१४. **<u>अदालत तोकिएको</u>** : ऐनको दफा ३२ को प्रयोजनको लागि सम्बन्धित पुनरावेदन अदालत तोकिएको छ।

१५. **<u>सम्पादक, प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकारको योग्यता</u>** : सम्पादक, प्रेस प्रतिनिधि वा स्वतन्त्र पत्रकार हुनको लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ।

(१) सम्पादक हुनको लागि -

(क) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट ⇨<u>आम सञ्चार वा पत्रकारिता विषयमा</u> स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, वा

▽(ख) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट स्नातक वा सो सरहको उपाधि हासिल गरी नियमित रूपमा प्रकाशन हुने कुनै समाचार प्रधान दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक वा पाक्षिक पत्रपत्रिका वा अनलाइन सञ्चारमाध्यम वा समाचार समितिमा कम्तीमा पाँच वर्षसम्म काम गरेको।

(२) प्रेस प्रतिनिधि वा अस्थायी प्रेस प्रतिनिधि हुनको लागि -

(क) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट प्रवेशिका वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, वा

(ख) समाचार सङ्कलन वा रिपोर्टिङ्ग सम्बन्धमा कम्तीमा पाँच वर्ष काम गरेको।

---

✱ पहिलो संशोधनद्वारा झिकिएको ।

⇨ दोस्रो संशोधनद्वारा थप।

▽ दोस्रो संशोधनद्वारा संशोधित।

(३) स्वतन्त्र पत्रकारको लागि -

(क) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट पत्रकारिता सम्बन्धी विषयमा स्नातक परीक्षा उत्तीर्ण भई दश वर्ष वा सो भन्दा बढी अवधिसम्म पत्रपत्रिकाको सम्पादन वा स्तम्भ लेखनको काम गरेको, वा

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त कुनै शिक्षण संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भई पन्ध्र वर्ष वा सो भन्दा वढी अवधिसम्म पत्रपत्रिकाको सम्पादन वा स्तम्भ लेखनको काम गरेको।

**१६. <u>प्रमाणपत्र व्यक्तिगत हुने</u>** : (१) नियम ९ वा १० बमोजिम दिइएको प्रमाणपत्र सोही व्यक्ति बाहेक अन्य व्यक्तिले प्रयोग गर्न पाउने छैन।

(२) कुनै व्यक्तिले सम्बन्धित संस्था वा पत्रपत्रिकाको प्रतिनिधित्व गर्ने काम छाडेमा निजले वा सम्बन्धित संस्थाको व्यवस्थापक वा सम्पादकले सात दिनभित्र त्यसरी काम छाडेको सूचना महानिर्देशक समक्ष दिई प्राप्त प्रमाणपत्र फिर्ता गर्नु पर्नेछ।

**१७. <u>पत्रपत्रिकाको श्रेणी विभाजन</u>** : नेपाल सरकार, सञ्चार मन्त्रालयले यस ऐन बमोजिम दर्ता भएका पत्रपत्रिकालाई सहयोग तथा सुविधा दिने प्रयोजनको लागि श्रेणी विभाजन गर्दा प्रेस रजिष्ट्रारको कार्यालय र प्रेस काउन्सिलले दिएको प्रतिवेदनको आधारमा गर्नेछ।

**१८. <u>अनुसूचीमा हेरफेर गर्न सकिने</u>** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

**१९. <u>खारेजी</u>** : छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४० खारेज गरिएको छ ।

---

<u>द्रष्टब्य</u> :- (१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू:-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर भएका शब्दहरू:-

" पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत"।

अनुसूची-१
(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**छापाखाना सञ्चालन गर्ने प्रमाणपत्रको लागि**

**दरखास्त**

श्री स्थानीय अधिकारीज्यू ।

.............................................

फोटो

छापाखाना सञ्चालन गर्ने प्रमाणपत्र पाउनको लागि छापाखाना सम्बन्धी निम्न विवरणहरू खुलाई दुई प्रति फोटो र रु. १।- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु/छौं।

१. छापाखानाको विवरण :-
   (क) नाम:-
   (ख) किसिमः-
   (ग) क्षमताः-
   (घ) औजारको नाम, विवरण र सङ्ख्या:-
२. छापाखाना राख्ने स्थान:-
३. छापाखाना प्राप्त गरेको श्रोत:-
   (क) स्वदेशमा किनेकोः-
   (ख) विदेशबाट झिकाएकोः-
४. छापाखाना स्थापना गर्दा लागेको पूँजी
५. छापाखानामा गरिने काम:-
६. छापाखाना सम्बन्धी अन्य विवरण:-

दरखास्तवालाको–
सही:-
नाम:-
ठेगाना:-
मिति:-

नेपाल कानून आयोग

अनुसूची-२
(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

**छापाखाना सञ्चालन गर्ने प्रमाणपत्र**

सि. नं.
द. नं.
श्री.............................
..................................

तपाईलाई/तपाईहरूलाई देहायको स्थानमा निम्न विवरणको छापाखाना सञ्चालन गर्न पाउने गरी यो प्रमाणपत्र दिइएको छ।

१. छापाखाना राख्ने स्थान: -
(क) वडा नं.: -
(ख) गाउँ/नगर: -
(ग) जिल्ला: -

२. छापाखानाको किसिम: -
(क)
(ख)
(ग)
(घ)

कार्यालयको छाप

स्थानीय अधिकारीको -
सही: -
नाम: -
दर्जा: -
कार्यालय: -
मिति: -

नेपाल कानून आयोग

अनुसूची-३
(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

**छापाखाना सम्बन्धी विवरणको**

**दर्ता किताब**

आ.व. :-

| दर्ता नं. | छापाखानाको नाम | छापाखाना धनीको नाम र ठेगाना | मुख्य मेशिनहरूको विवरण | कैफियत |
|---|---|---|---|---|
| | | | | |

नेपाल कानून आयोग

अनुसूची-४
(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

**पत्रपत्रिका प्रकाशित गर्ने प्रमाणपत्रको लागि**

**दरखास्त**

श्री स्थानीय अधिकारीज्यू ।
.................................

फोटो

निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्ने प्रमाणपत्र पाउनको लागि पत्रपत्रिका सम्बन्धी निम्न विवरणहरू खुलाई दुई प्रति फोटो र रु. १।- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु/छौं।

१. पत्रपत्रिकाको विवरण: -
   (क) नाम: -
   (ख) किसिम: -
   (ग) भाषा: -
   (घ) आकार: -
   (ङ) पृष्ठ सङ्ख्या: -
   (च) छापिने सङ्ख्या: -
   (छ) प्रकाशित हुने स्थान: -
   (ज) प्रकाशित हुने दिन: -
२. पत्रपत्रिकाको कार्यालय रहने स्थान: -
   (क) स्थायी:-
   (ख) अस्थायी:-
३. सम्पादकको नाम र ठेगाना: -
४. सम्पादकको योग्यता: -
५. मुद्रकको नाम र ठेगाना: -
६. अन्य विवरण: -

दरखास्तवालाको–
सही: -
नाम: -
ठेगाना: -

नेपाल कानून आयोग

अनुसूची-५
(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**पत्रपत्रिका प्रकाशित गर्ने अस्थायी प्रमाणपत्र**

सि. नं.

द.नं.

श्री....................

...............................

फोटो

तपाईलाई/तपाईहरूलाई निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्नको लागि यो अस्थायी प्रमाणपत्र दिइएको छ।

१. पत्रपत्रिकाको विवरण: -

(क) नाम: -

(ख) किसिम: -

(ग) भाषा: -

(घ) आकार: -

(ङ) पृष्ठ सङ्ख्या: -

(च) छापिने सङ्ख्या: -

(छ) प्रकाशित हुने स्थान: -

(ज) प्रकाशित हुने दिन: -

२. पत्रपत्रिकाको कार्यालय रहने स्थान: -

(क) वडा नं.: -

(ख) गाउँ/नगर: -

(ग) जिल्ला: -

३. सम्पादकको: -

(क) नाम: -

(ख) ठेगाना: -

(ग) योग्यता: -

४. मुद्रकको नाम र ठेगाना: -

५ अन्य विवरण: -

कार्यालयको छाप

स्थानीय अधिकारीको,-

सही: -

नाम: -

दर्जा: -

कार्यालय: -

मिति: -

नेपाल कानून आयोग

अनुसूची-६

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

**<u>पत्रपत्रिका प्रकाशित गर्ने स्थायी प्रमाणपत्र</u>**

सि. नं.

द.नं.

श्री........................

...........................

फोटो

तपाईलाई/तपाईहरूलाई निम्न विवरणको पत्रपत्रिका प्रकाशित गर्नको लागि यो स्थायी प्रमाणपत्र दिइएको छ।

१. पत्रपत्रिकाको विवरण: -

 क. नाम: -

 ख. किसिम: -

 ग. भाषा: -

 घ. आकार: -

 ङ. पृष्ठ सङ्ख्या: -

 च. छापिने सङ्ख्या: -

 छ. प्रकाशित हुने स्थान: -

 ज. प्रकाशित हुने दिन: -

२. पत्रपत्रिकाको कार्यालय रहने स्थान: -

 क. वडा नं. : -

 ख. गाउँ/नगर: -

 ग. जिल्ला: -

३. सम्पादकको: -

 क. नाम: -

 ख. ठेगाना: -

 ग. योग्यता: -

४. मुद्रकको नाम र ठेगाना: -

५ अन्य विवरण: -

नेपाल कानून आयोग

<u>कार्यालयको छाप</u>

स्थानीय अधिकारीको,-

सही: -

नाम: -

दर्जा: -

कार्यालय: -

मिति: -

नेपाल कानून आयोग

अनुसूची-७
(नियम ४ को उपनियम (४) सँग सम्बन्धित)

**पत्रपत्रिकाको दर्ता किताब**

आ.व. : -

| द.नं. | पत्रिकाको नाम | किसिम | भाषा | आकार | पृष्ठसङ्ख्या | छापिने सङ्ख्या | प्रकाशित हुने स्थान | प्रकाशित हुने दिन | प्रकाशकको नाम ठेगाना | सम्पादकको नाम ठेगाना | मुद्रकको नाम ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |

नेपाल कानून आयोग

अनुसूची-८

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**पत्रपत्रिकाको स्वामित्वको हस्तान्तरण भएको**

**जानकारी**

श्री स्थानीय अधिकारीज्यू,

................................. ।

त्यस कार्यालयमा मिति......................मा.........................को नाउँमा दर्ता भएको द.नं................को..............पत्रपत्रिका मिति.......................मा................बाट मैले/हामीले प्राप्त गरेकोले सो पत्रपत्रिकाको स्वामित्व हस्तान्तरण भएको कागजातको प्रमाणित प्रतिलिपी संलग्न गरी यो जानकारी पेश गरेको छु/छौं। उक्त पत्रपत्रिका मेरो/हाम्रो नाउँमा कायम गरी पाउन अनुरोध गर्दछु/गर्दछौं।

निवेदकको -

सही: -

नाम: -

ठेगाना: -

मिति: -

नेपाल कानून आयोग

⇔अनुसूची-८क.

(नियम ८क. को उपनियम (२) सँग सम्बन्धित)

**अनलाइन सञ्चारमाध्यम दर्ताको लागि दिइने निवेदनको ढाँचा**

श्री स्थानीय अधिकारीज्यू,
सूचना तथा प्रसारण विभाग।

देहायको अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने प्रयोजनका लागि दर्ता गरिदिन देहायको विवरण खुलाई यो दरखास्त पेस गरेको छु/छौं :-

१. संस्थाको विवरण :-

(क) नाम :-

(ख) मुख्य डोमेन :-

(ग) भाषा :-

२. कार्यालय रहने स्थान :-

३. सञ्चालकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं.-

४. सम्पादकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं.-

५. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर नं.-

६. अन्य विवरण :-

दरखास्तवालाको,-
सही :-
नाम, थर :-
ठेगाना :-
सम्पर्क नं.:-

---

⇔ दोस्रो संशोधनद्वारा थप।

⇔अनूसुची-८ख.

(नियम ८क. को उपनियम (४) सँग सम्बन्धित)

**<u>अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्रको ढाँचा</u>**

सि.नं.: प्रमाणपत्रको दर्ता नं.:

श्री.........................

............................ ।

| |
|---|
| **सञ्चालकको फोटो** |

तपाईंलाई देहाय बमोजिमको विवरणको अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्नको लागि यो प्रमाणपत्र दिइएको छ:-

१. अनलाइन सञ्चारमाध्यमको विवरणः

(क) नाम :

(ख) डोमेन :

(ग) भाषा :

(घ) प्रमाणपत्र बहाल रहने अवधि :

२. कार्यालय रहने स्थान :

३. सञ्चालकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. :

४. सम्पादकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. :

५. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर नं. :

६. अन्य विवरण :

प्रमाणपत्र जारी गर्नेको,-

कार्यालयको छाप

दस्तखत :

नाम, थर :

दर्जा :

मिति :

<u>द्रष्टव्य</u> : प्रमाणपत्र बहाल रहने अवधि भुक्तान नहुँदै प्रमाणपत्र नवीकरण गरिसक्नु पर्नेछ।

⇔ दोस्रो संशोधनद्वारा थप।

⇔अनूसुची-८ग.

(नियम ८ख. को उपनियम (६) सँग सम्बन्धित)

**<u>नवीकरण भएका अनलाइन सञ्चारमाध्यमको विवरणको ढाँचा</u>**

नवीकरण सम्बन्धी विवरण

संस्थाको नाम............... दर्ता नं....................

| क्र. सं. | नवीकरण गरेको मिति | नवीकरण कायम रहने मिति | नवीकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

⇔ दोस्रो संशोधनद्वारा थप।

नेपाल कानून आयोग

⇔अनुसूची-८घ.

(नियम ८ग. को उपनियम (१) सँग सम्बन्धित)

**<u>सञ्चालक परिवर्तनको जानकारी दिने ढाँचा</u>**

मितिः ............................

श्री स्थानीय अधिकारीज्यू,
सूचना तथा प्रसारण विभाग।

विषयः- <u>सञ्चालक परिवर्तन सम्बन्धी जानकारी।</u>

महोदय,

छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को नियम ८क. को उपनियम (४) बमोजिम मिति .................. मा प्राप्त प्रमाणपत्र नं. .................. को ................ अनलाइन सञ्चारमाध्यमको देहाय बमोजिम सञ्चालक परिवर्तन गरेको जानकारी गराउँछु ।

<u>देहाय</u> :

<u>निवेदकको,</u>-
दस्तखत :
नाम :
ठेगाना :
संस्थाको तर्फबाट भए पद :
सम्पर्क टेलिफोन नं. :
संस्थाको छाप :

⇔ दोस्रो संशोधनद्वारा थप।



नेपाल कानून आयोग

⇔अनुसूची-८ङ.

(नियम ८ग. को उपनियम (२) सँग सम्बन्धित)

**सम्पादक परिवर्तनको जानकारी दिने ढाँचा**

मितिः....................

श्री स्थानीय अधिकारीज्यू,
सूचना तथा प्रसारण विभाग।

विषयः- सम्पादक परिवर्तन सम्बन्धी जानकारी।

महोदय,

छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को नियम ८क. को उपनियम (४) बमोजिम मिति.................मा प्राप्त प्रमाणपत्र नं. ................. को ............... अनलाइन सञ्चारमाध्यमको देहाय बमोजिम सम्पादक परिवर्तन गरेको जानकारी गराउँछु ।

देहाय :

निवेदकको,-
दस्तखत :
नाम :
ठेगाना :
संस्थाको तर्फबाट भए पद :
सम्पर्क टेलिफोन नं. :
संस्थाको छाप :

⇔ दोस्रो संशोधनद्वारा थप।

⇔अनुसूची-८च.

(नियम ८घ. को उपनियम (१) र (४) सँग सम्बन्धित)

**<u>अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगाना परिवर्तन, बिक्री तथा हस्तान्तरण गर्नको लागि दिइने निवेदनको ढाँचा</u>**

मितिः......................

श्री स्थानीय अधिकारीज्यू,
सूचना तथा प्रसारण विभाग।

विषयः- <u>अनलाइन सञ्चारमाध्यमको नाम वा ठेगाना परिवर्तन, बिक्री तथा हस्तान्तरण गरी पाऊँ</u>।

महोदय,

छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को नियम ८क. को उपनियम (४) बमोजिम मिति..................मा प्राप्त प्रमाणपत्र नं. .................. को.................. अनलाइन सञ्चारमाध्यमको देहाय बमोजिम ठेगाना वा कम्पनीको नाम परिवर्तन, बिक्री तथा हस्तान्तरण गर्नको लागि यो निवेदन पेस गरेको छु।

<u>देहाय</u> :

<u>निवेदकको</u>,-
दस्तखत :
नाम :
ठेगाना :
संस्थाको तर्फबाट भए पद :
सम्पर्क टेलिफोन नं. :
संस्थाको छाप :

⇔ दोस्रो संशोधनद्वारा थप।

नेपाल कानून आयोग

⇔अनुसूची-८छ.
(नियम ८ट. को उपनियम (१) सँग सम्बन्धित)

**<u>दर्ता प्रमाणपत्र रद्द गर्नको लागि दिइने निवेदनको ढाँचा</u>**

मितिः....................

श्री स्थानीय अधिकारीज्यू,
सूचना तथा प्रसारण विभाग।

विषयः- <u>प्रमाणपत्र रद्द गरी पाऊँ</u>।

महोदय,

छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को नियम ८ट. को उपनियम (१) बमोजिम मिति..................मा प्राप्त प्रमाणपत्र नं. ................. को ............................ अनलाइन सञ्चारमाध्यमको प्रमाणपत्र रद्द गर्नको लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु ।

<u>संलग्न कागजात</u> :-

<u>निवेदकको</u>,-
दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क टेलिफोन नं. :
संस्थाको तर्फबाट भए पद :
संस्थाको तर्फबाट भए छाप :"

⇔ दोस्रो संशोधनद्वारा थप।



नेपाल कानून आयोग

अनुसूची-९
(नियम ९ को उपनियम (१) सँग सम्बन्धित)
**प्रेस प्रतिनिधिको लागि**
**विवरण**

श्री महानिर्देशकज्यू,
प्रेस सूचना विभाग,
काठमाडौं।

हाम्रो संस्थाबाट....................................ले प्रेस प्रतिनिधि भई काम गर्ने भएकोले छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा २० को उपदफा (१) बमोजिम निम्न विवरणहरू पठाइएको छ।

विवरणहरू
१. प्रेस प्रतिनिधि हुनेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
२. प्रेस प्रतिनिधि भई काम गर्नेको कार्यक्षेत्र
३. व्यक्तिगत विवरण फाराम
४. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

निवेदकको -
सही: -
संस्थाको नाम: -
ठेगाना: -
मिति: -

नेपाल कानून आयोग

अनुसूची-१०

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

**प्रेस प्रतिनिधि\अस्थायी प्रेस प्रतिनिधिको लागि**

**दरखास्त**

श्री महानिर्देशकज्यू,
प्रेस सूचना विभाग,
काठमाडौं ।

फोटो

...........................................को तर्फबाट प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधि भई नेपाल *.......... भर/..................जिल्लामा मिति...............देखि....................सम्म काम गर्न इच्छुक भएकोले निम्न कागजातहरू समेत संलग्न गरी दुई प्रति फोटो र रु. १।- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु। मेरो नाउँमा प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधिको प्रमाणपत्र पाउन अनुरोध गर्दछु।

संलग्न कागजातहरू: -

१. सम्बन्धित संस्थाको सिफारिश पत्र
२. नियम १४ बमोजिमको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. व्यक्तिगत विवरण फाराम
५. दरखास्तवालाको अनुभव।

दरखास्तावालाको -
सही: -
नाम: -
ठेगाना: -
(क) स्थायी: -
(ख) अस्थायी: -
मिति: -

* पहिलो संशोधनद्वारा झिकिएको ।

अनुसूची-११
(नियम ९ को उपनियम (५) सँग सम्बन्धित)
**प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधिको**
**प्रमाणपत्र**

सि. नं.
द.नं.
श्री..................
.................... ।

फोटो

तपाइलाई/तपाइहरूलाई देहायको शर्त बन्देजमा रहने गरी प्रेस प्रतिनिधि/अस्थायी प्रेस प्रतिनिधिको रूपमा काम गर्न पाउने गरी यो प्रमाणपत्र दिइएको छ।

१. प्रमाणपत्र पाउने व्यक्तिको नागरिकता: -
२. प्रमाणपत्र पाउने व्यक्तिको ठेगाना: -
    (क) स्थायी: -
    (ख) अस्थायी: -
३. प्रमाणपत्रको किसिम: -
४. प्रमाणपत्रको अवधि: -
    (क) स्थायी: -
    (ख) अस्थायी: -
५. पत्रपत्रिका वा संस्थाको नाम: -
६. प्रमाणपत्र पाउने व्यक्तिले समाचार संकलन गर्ने क्षेत्र: -
७. प्रमाणपत्र पाउने व्यक्तिले गर्ने काम: -
८. प्रमाणपत्र पाउने व्यक्तिले पालना गर्नुपर्ने शर्तहरू: -
(क)
(ख)
(ग)

महानिर्देशकको -
सही: -
नाम: -
कार्यालय: -
मिति: -

कार्यालयको छाप

नेपाल कानून आयोग

अनुसूची-१२
(नियम १० को उपनियम (१) सँग सम्बन्धित)
स्वतन्त्र पत्रकारको लागि
दरखास्त

श्री महानिर्देशकज्यू,
प्रेस सूचना विभाग,
काठमाडौं।

फोटो

स्वतन्त्र पत्रकार भई काम गर्न इच्छुक भएकोले निम्न कागजात समेत संलग्न गरी दुई प्रति फोटो र रु. १।- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु। मेरो नाउँमा स्वतन्त्र पत्रकारको प्रमाणपत्र पाउनको निमित्त अनुरोध गर्दछु।

संलग्न कागजातहरू: -

१. नियम १४ बमोजिमको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. व्यक्तिगत विवरणको फाराम
४. दरखास्तवालाको अनुभव ।

दरखास्तावालाको -
सही: -
नाम: -
ठेगाना: -
(क) स्थायी: -
(ख) अस्थायी: -
मिति: -

नेपाल कानून आयोग

अनुसूची-१३

(नियम १० को उपनियम (४) सँग सम्बन्धित)

**स्वतन्त्र पत्रकारको**

**प्रमाणपत्र**

सि. नं.

द.नं.

श्री......................

.........................।

फोटो

तपाइलाई देहायको शर्त बन्देजमा रहने गरी स्वतन्त्र पत्रकारको रूपमा काम गर्न पाउने गरी यो प्रमाणपत्र दिइएको छ।

१. प्रमाणपत्र पाउने व्यक्तिको ठेगाना: -

(क) स्थायी: -

(ख) अस्थायी: -

२. प्रमाणपत्रको अवधि: -

(क) स्थायी: -

(ख) अस्थायी: -

३. प्रमाणपत्र पाउने व्यक्तिले गर्ने काम: -

४. प्रमाणपत्र पाउने व्यक्तिले पालना गर्नुपर्ने शर्तहरू: -

(क)

(ख)

(ग)

महानिर्देशकको

सही: -

कार्यालयको छाप

नाम: -

कार्यालय: -

मिति: -

नवीकरणको विवरण

नेपाल कानून आयोग

| आ. व. | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

नेपाल कानून आयोग

अनुसूची-१४
(नियम ११ को उपनियम (२) सँग सम्बन्धित)

**प्रमाणपत्र नवीकरणको लागि**

**दरखास्त**

श्री महानिर्देशकज्यू,
प्रेस सूचना विभाग,
काठमाडौं।

मैले यस विभागबाट मिति...........................मा लिएको प्रेस प्रतिनिधि स्वतन्त्र पत्रकारको प्रमाणपत्रको अवधि मिति.......................मा समाप्त भएकोले छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को नियम ११ बमोजिम लाग्ने दस्तुर समेत संलग्न राखी प्रमाणपत्र नवीकरणको लागि यो दरखास्त पेश गरेको छु।

दरखास्तवालाको -
सही: -
नाम: -
ठेगाना: -
मिति: -

नेपाल कानून आयोग